# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः ०१ मितिः २०८२।०४।०१

## भाग-१

सम्बत् २०८२ सालको ऐन नं १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँ सभाद्वारा पारित माछापुच्छ्रे गाउँपालिकाको **"आर्थिक ऐन, २०८२"** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# माछापुच्छ्रे गाउँपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावना :** माछापुच्छ्रे गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माछापुच्छ्रे गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि माछापुच्छ्रे गाउँपालिकामा लागु हुनेछ।

२. **भूमी कर (मालपोत कर):-** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिमको भूमीकर (मालपोत कर) लगाइने र असुल गरीनेछ।

३. **घर बहाल करः-** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले ब्यक्तिगत वा व्यवसायिक प्रयोजनमा बहालमा लगाए वापत अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरीनेछ।

४. **व्यवसाय करः-** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असुल गरीनेछ।महिलाको नाममा कुनै पनि व्यवसाय दर्ता गर्दा दर्ता शुल्कमा २५ प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिइएको छ। निरन्तर रुपमा नविकरण नगरेमा नविकरण नगरेको प्रत्येक आर्थिक बर्षमा थप १० प्रतिशतको दरले जरिवाना असुल गरीनेछ । आ.व. २०८२/८३ को श्रावण देखि पौष मसान्तभित्र व्यवसाय नविकरण गर्ने करदाताहरुलाई ५ प्रतिशत छुट दिइनेछ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः-** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरीएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (४) बमोजिमको कर लगाइने र असुल गरीनेछ।

६. **विज्ञापन करः-** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिमको विज्ञापन कर लगाइने र असुल उपर गरीनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरीनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका सेवामा अनुसूची (७) मा उल्लेख भए अनुसार हाट, बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क सम्बन्धित निकायसँग समन्वय गरेर असुल गरीनेछ।

९. **सेवाशुल्क, दस्तुरः** गाउँपालिका निर्माण सञ्चालन वा व्यवस्थापन गरेका सेवामा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट अनुसूची (८) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल गरीनेछ।

१०. **घर नक्सा शुल्कः** गाउँपालिकाभित्र निर्माण गरीने भौतिक संरचनाहरुमा अनुसूची (९) बमोजिम शुल्क लगाइने र असुल गरीनेछ।

११. **निकासी करः** गाउँपालिका बाहिर निकासी गरीने ढुङ्गा, बालुवा, गिट्टीमा अनुसूची (१०) बमोजिम कर लगाइने र असुल गरीनेछ ।

१२. **घरधुरी करः** गाउँपालिका क्षेत्र भित्रका निजी आवास प्रयोजनका लागि बनेका घरधुरीबाट अनुसूची (११) बमोजिम कर लगाई असुल गरीनेछ।

तर, सम्पत्ति कर बुझाएपछि घरधुरी कर तिर्नुपर्ने छैन। पहिले घरधुरी कर बुझाएकामा सम्पत्ति कर बुझाउँदा पहिले बुझाएको घरधुरी कर समायोजन गरीनेछ।

१३. **सम्पती करः** (१) गाउँपालिका क्षेत्रभित्र रहेका निजी घर जग्गामा अनुसूची (१२) मा उल्लेख भए अनुसार सम्पत्तिको मुल्यांकन गरी सोही मूल्याङ्कनको आधारमा कुल सम्पत्तिको मूल्याङ्कनमा सम्पत्ति कर लगाइने र असुल गरीनेछ।

(२) आर्थिक वर्षको पौष महिनासम्म सम्पत्ति कर बुझाउनेलाई बीस प्रतिशत छुट दिईनेछ।

(३) आर्थिक वर्षको अन्तसम्म कर नबुझाउनेलाई अर्को आर्थिक वर्षमा कर बुझाउँदा पन्ध्र प्रतिशतका दरले जरिवाना लाग्नेछ।

(४) सम्पत्ती कर मूल्याङ्कन प्रयोजनको लागि विवरण पेश गर्दा झुटा विवरण पेश गरेको ठहरिएमा जुन जग्गाको झुटा विवरण पेश गरेको हो त्यसमा लाग्ने करको पचास प्रतिशत रकम जरिवाना लाग्नेछ।

१४. **प्राकृतिक श्रोत उपयोग करः-** (१) गाउँपालिकाभित्र प्राकृतिक श्रोत उपयोग गरेबापत अनुसूची (१३) बमोजिमको कर लगाइने र असुल गरीनेछ।

(२) निजी जग्गाबाट प्राकृतिक श्रोत साधन उत्खनन् तथा बिक्री वितरणका लागि अनुसुची (१४) बमोजिम कर लगाइनेछ।

१५. **दण्ड तथा जरिवाना दस्तुरः-** यस गाउँपालिका भित्र अवैध तथा नियम विपरित नदिजन्य प्राकृतिक श्रोत साधनको चोरी निकासी गरेको पाईएमा अनुसूची (१५) बमोजिमको दण्ड तथा जरिवाना दस्तुर लाग्नेछ।

१६. **पुराना घरहरुको अभिलेखीकरण करः-** यस गाउँपालिका भित्र साविकमा निर्माण भएका घरहरुको अभिलेखिकरण गर्न अनुसूची (१६) बमोजिमको दस्तुर लाग्नेछ।

१७. **ढुङ्गा गिट्टी बालुवाको राजश्व छुट सम्बन्धमाः**-गाउँपालिका भित्र लगाईएका ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक श्रोतको घाटगद्दी (ठेक्का) गरी राजश्व उठाईएको अवस्थामा अदालतमा मुद्दा परि सम्झौताको शर्त बमोजिम राजश्व उठाउन सक्ने परिस्थिती नभएमा अदालतको आदेश समेतलाई आधार मानी गाउँसभाबाट निर्णय गरी राजश्व छुट दिन, फिर्ता गर्न वा मिनाहा गर्न सकिनेछ।

१८. **कर छूटः-** यस ऐन बमोजिम कुनै व्यक्ति वा संस्थालाई कर छुट दिनु पर्ने भएमा गाउँसभाले आवश्यक निर्णय गर्न सक्नेछ।

१९. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः-** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलनको लागि गाउँ कार्यापालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

**अनुसूची १ (दफा २ सँग सम्बन्धित)**

| क्र.स. | मालपोत भूमी कर प्रति रोपनी | दर रेट रु. |
|---|---|---|
| १. | २ रोपनी सम्मको जम्मा | रु.५०। |
| २. | २ रोपनी भन्दा बढी प्रति रोपनी थप | रु.१०। |
| | **जरिवाना** | |
| १. | १ बर्ष | १० प्रतिशत |
| २. | २ बर्ष | २० प्रतिशत |
| ३. | ३ बर्ष | ३० प्रतिशत |
| ४. | ४ बर्ष | ४० प्रतिशत |
| ५. | ......% हुँदै प्रत्येक बर्ष १०% को दरले थप जरिवाना लाग्ने छ | |
| ६. | खेतीयोग्य जग्गा बाझो रहेको प्रमाणित भएमा तोकिएको दरमा ५ गुणा कर लगाइनेछ । | |

**अनुसूची २ (दफा ३ सँग सम्बन्धित)**

| क्र.स. | घर/ जग्गा बहाल कर | दर रेट रु. |
|---|---|---|
| १. | ब्यबसायिक प्रयोजनको लागि भाडा रकमको | १० प्रतिशत |
| २. | ब्यक्तिगत प्रयोजनको लागि भाडा रकमको | २.५ प्रतिशत |

**अनुसूची ३ (दफा ४ सँग सम्बन्धित)**

**वार्षिक पेशा व्यवसाय दर्ता शुल्क र नविकरण शुल्क**

| क्र.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. |
|---|---|---|---|
| १. | रक्सी वियरको खुद्रा विक्री पसल | ३०००। | १५००। |
| २. | चुरोट विडी सुर्तीजन्य पदार्थको खुद्रा पसल | १५००। | १०००। |

| | | | | |
|---|---|---|---|---|
| ३. | हल्का पेय पदार्थको पसल | | २०००। | १०००। |
| ४. | सुनचाँदी पसल | | २०००। | १०००। |
| ५. | औषधी खुद्रा पसल (डाक्टर भएको) | | १००००। | ५०००। |
| ६. | औषधी खुद्रा पसल (डाक्टर नभएको) | | ५०००। | २५००। |
| ७. | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी खूद्रा | | २०००। | १०००। |
| ८. | एग्रोभेट खूद्रा पसल | | २०००। | १०००। |
| ९. | स्टेशनरी तथा पुस्तक पसल | | १५००। | ७००। |
| १०. | मुद्रण सामाग्री खरिद बिक्री /छपाई | | २०००। | १०००। |
| ११. | कस्मेटिक खुद्रा पसल | | १०००। | ५००। |
| १२. | मोटरपार्ट सामान बिक्री ग्यारेज सहित | | ५०००। | २५००। |
| १३. | मोटरपार्ट सामान बिक्री | | ३०००। | १५००। |
| १४. | मोटर ग्यारेज मात्र | | २०००। | १०००। |
| १५. | मोटर साईकल वर्कसप | | १५००। | ७००। |
| १६. | प्लाई तथा ग्लास हाउस पसल | | ५०००। | २०००। |
| १७. | कपडा फेन्सी तथा व्याग खूद्रा पसल | | ३०००। | १५००। |
| १८. | धागो, टाँक, फस्नर खूद्रा पसल | | १०००। | ५००। |
| १९. | इलेक्ट्रोनिक खूद्रा पसल | | २०००। | १०००। |
| २०. | अडियो, भिडियो क्यासेट पसल | | १५००। | ७००। |
| २१. | विद्युत साम्रगी खुद्रा पसल | | २०००। | १०००। |
| २२. | हार्डवयर पसल | | ५०००। | २५००। |
| २३. | स्टील, आल्मूनियम खुद्रा पसल | | ३०००। | १५००। |
| २४. | फ्लोरिङ तथा फर्निशर्स खुद्रापसल | | ५०००। | १५००। |
| २५. | इलेक्ट्रीक साईकल डिलर | | १५००। | ७००। |
| २६. | रिकन्डिसन हाउस | | ३०००। | १५००। |
| २७. | खाद्यान्न, किराना खुद्रा पसल | ५ लाखसम्मको पुँजी लगानीमा | १५००। | ७००। |
| | | ५ लाख १ देखि १५ लाखसम्म | २०००। | १०००। |
| | | १५ लाख १ देखि २५ लाखसम्म | २५००। | १५००। |
| | | २५ लाख १ देखि ५० लाखसम्म | ५०००। | २५००। |
| | | ५० लाख १ भन्दा माथि | ६०००। | ३०००। |
| २८. | फलफूल, तरकारी पसल | | १०००। | ५००। |
| २९. | कपडा पसल | | १५००। | ५००। |
| ३०. | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | | १५००। | ७००। |
| ३१. | कविराज | | १५००। | ५००। |

| | | | |
|---|---|---|---|
| ३२. | इन्जिनियरिङ परामर्श सेवा फर्म | ५०००। | २५००। |
| ३३. | ल फर्म तथा कानून परामर्श सेवा | ५०००। | २५००। |
| ३४. | लेखापरीक्षण ( सि.ए.) | ५०००। | २५००। |
| ३५. | लेखापरीक्षण (र.ले.प ) | ३०००। | १५००। |
| ३६. | दन्त चिकित्सा सेवा | २५००। | १०००। |
| ३७. | अनुसन्धान / परार्मशकर्ता | १५००। | ७००। |
| ३८. | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | १५००। | ७००। |
| ३९. | विमा एजेन्ट | २५००। | १०००। |
| ४०. | पशु चिकित्सक | २५००। | १०००। |
| ४१. | निर्माण व्यवसायी घ वर्गको प्रमाणपत्र | १००००। | ५०००। |
| ४२. | वाटरड्लिङ्गि उद्योग पुँजी लगानी आधारमा | ३०००। | १०००। |
| ४३. | प्लाष्टिक उद्योग | २०००। | १०००। |
| ४४. | चप्पल उद्योग | २०००। | १०००। |
| ४५. | ग्रील उद्योग | ३०००। | १५००। |
| ४६. | साबुन उद्योग (ठूला) | १०००। | ५००। |
| ४७. | जुत्ता उद्योग | १५००। | ५००। |
| ४८. | जुत्ता मर्मत गर्ने | ५००। | २००। |
| ४९. | पशु आहार उद्योग | २०००। | १०००। |
| ५०. | पशु आहार बिक्री केन्द्र | २०००। | १०००। |
| ५१. | **कृषि फर्म तथा पशुपंन्छी उद्योग** | | |
| | ५ लाख सम्म पुँजी लगानीमा | १५००। | ७००। |
| | ५लाख १ देखि १५ लाखसम्म पुँजी लगानीमा | २०००। | १०००। |
| | १५ लाख १ देखि २५ लाखसम्म पुँजी लगानीमा | ३०००। | १५००। |
| | २५ लाख १ देखि देखि ५० लाखसम्म | ४०००। | २०००। |
| ५२. | ५० लाख १ देखि माथि | ५०००। | २५००। |
| ५३. | अगरबत्ती उद्योग | ५००। | २००। |
| ५४. | मैनबत्ती उद्योग (लगानी आधारमा) | ५००। | २००। |
| ५५. | टिकी उद्योग | ५००। | २००। |
| ५६. | अचार उद्योग | ५००। | २००। |
| ५७. | अन्य कुटिर उद्योग | ५००। | २००। |
| ५८. | कपडा उद्योग | ४०००। | १५००। |
| ५९. | गार्मेन्ट उद्योग | २५००। | १०००। |
| ६०. | ज्याकेट तथा व्याग उद्योग | २०००। | १०००। |

| | | | |
|---|---|---|---|
| ६१. | होजियारी तथा धागो उद्योग | १५००। | ५००। |
| ६२. | सिरक डसना उद्योग/पसल | १०००। | ५००। |
| ६३. | ढाका  उद्योग | १०००। | ५००। |
| ६४. | मिनरल वाटर उद्योग | २०००। | १०००। |
| ६५. | पिउने पानी सप्लायर्स | १५००। | ७००। |
| ६६. | आइसवरफ उद्योग | १०००। | ३००। |
| ६७. | आइसक्रीम उद्योग | १०००। | ३००। |
| ६८. | सोडा उद्योग | १०००। | २००। |
| ६९. | कांस तामा पित्तल भाडा उद्योग | २०००। | १०००। |
| ७०. | आल्मुनियम भाडा उद्योग | २०००। | १०००। |
| ७१. | प्लास्टीक भाडा  उद्योग | ३०००। | १५००। |
| ७२. | टिनको बाकस वाल्टी स्टोभ | १५००। | १०००। |
| ७३. | सेलरमिल | २०००। | १०००। |
| ७४. | कुटानी पेलानी मिल (हलरसमेत ) | १५००। | ७००। |
| ७५. | मसला चिउरामिल | १५००। | ७००। |
| ७६. | कूकिज/पाउरोटी/नूडल्स उद्योग | १०००। | ५००। |
| ७७. | कन्फेक्सनरी उद्योग | १०००। | ७००। |
| ७८. | विस्कुट उद्योग | १५००। | ७००। |
| ७९. | दालमोठ उद्योग | १०००। | ५००। |
| ८०. | फलाम कृषि औजर उद्योग | १०००। | ५००। |
| ८१. | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | १०००। | ५००। |
| ८२. | हाइड्रोपावर सम्बन्धी पार्ट उत्पादन | ५०००। | ३०००। |
| ८३. | वायोग्यास उद्योग | ४०००। | १५००। |
| ८४. | सौय शक्ति उत्पादन उद्योग | ३०००। | १०००। |
| ८५. | मर्मत सम्भार पार्ट बिक्री | २०००। | ५००। |
| ८६. | समिल/प्लाइउड उद्योग | १५०००। | ५०००। |
| ८७. | काठ बिक्री डिपो | २०००। | १०००। |
| ८८. | फाइबर र काठको फर्निचर उद्योग | २५००। | १०००। |
| ८९. | बेत बाँसको उद्योग ब्याम्बो शोरुम | १०००। | ५००। |
| ९०. | कंक्रिटव्लक उद्योग | ३०००। | १५००। |
| ९१. | सेनेटरी उद्योग तथा व्यवसाय | २०००। | १०००। |
| ९२. | गिट्टी बालुवा आदी संकलन तथा बिक्री | ५०००। | २५००। |

| | | | |
|---|---|---|---|
| ९३. | होटल,लज  एण्ड रेष्टुरेन्ट ( क श्रेणी — १५ कोठा भन्दा बढी भएको) | ७०००। | ३५००। |
| ९४. | होटल,लज  एण्ड रेष्टुरेन्ट ( ख श्रेणी — १० कोठा देखि १५ कोठासम्म भएको) | ६०००। | ३०००। |
| ९५. | होटल,लज  एण्ड रेष्टुरेन्ट ( ग श्रेणी — ४ कोठा देखि १० कोठासम्म भएको) | ३०००। | १५००। |
| ९६. | होटल, लज  एण्ड रेष्टुरेन्ट ( घ श्रेणी — ४ कोठा सम्मभएको) | २०००। | १०००। |
| ९७. | अस्थायी संरचना सञ्चालन **Tea** पसल | १०००। | ५००।- |
| ९८. | होटल एण्ड रेष्टुरेन्ट | २०००। | १०००। |
| ९९. | रिसोर्ट प्रति शाखा | १५०००। | ७५००। |
| १००. | होटल भोजनालय स्थानीय | १५००। | ७००। |
| १०१. | क्याटरिङ्ग/इभेन्ट मेनेजमेन्ट | २०००। | १०००। |
| १०२. | मिष्ठान पसल | १५००। | ७००। |
| १०३. | टेण्ट हाउस | २०००। | १०००। |
| १०४. | अफसेट  प्रेस | २५००। | १५००। |
| १०५. | स्किन प्रिन्ट प्रेस | १०००। | ५००। |
| १०६. | टेलिफोन, मोबाइल, इन्टरनेटसेवा प्रदायक कम्पनी | ५०००। | २०००। |
| १०७. | इन्टरनेट वितरक | २०००। | १०००। |
| १०८. | टि.भी च्यानल प्रशारण सेवा | ३०००। | १५००। |
| १०९. | केवुल च्यानल प्रशारण सेवा | ५०००। | २५००। |
| ११०. | एफ. एम. प्रशारण सेवा | १०००। | ५००। |
| १११. | पत्रपत्रिका प्रकाशन सेवा | १०००। | ५००। |
| ११२. | वाणिज्य वैंक प्रति शाखा सञ्चालन / सूचीकरण (कार्यालय) | १५०००। | ७५००। |
| ११३. | विकास वैंक प्रति शाखा सञ्चालन / सूचीकरण (कार्यालय) | १००००। | ५०००। |
| ११४. | लघुवित्त कम्पनीहरु सञ्चालन/सूचीकरण | ५०००। | २५००। |
| ११५. | विमा कम्पनीहरु सञ्चालन /सूचीकरण | ५०००। | २५००। |
| ११६. | रेमिटयान्स तथा मनी एक्सचेन्जर सञ्चालन/सूचीकरण | ५०००। | २५००। |
| ११७. | वित्तिय सहकारी संस्था दर्ता, संचालन /सूचीकरण | ३०००। | १५००। |
| ११८. | संघ संस्था सूचीकृत | ५००। | |

| | | | |
|---|---|---|---|
| ११९. | एम. आर.आइ .सि.टि स्क्यान अल्ट्रासाउण्ड क्लिनिक | ३०००। | १५००। |
| १२०. | पोलिक्लिनिक | ३०००। | १५००। |
| १२१. | प्याथोलोजी (दिसा, पिसाब, रगत जाँच) | १०००। | ५००। |
| १२२. | अक्युपन्चर फिजियोथेरापी स्वास्थ क्लिनिक | १५००। | ७००। |
| १२३. | एक्सरे क्लिनिक | १०००। | ५००। |
| १२४. | चश्मा पसल | ५००। | २००। |
| १२५. | बित्तिय सहकारी | ३०००। | १५००। |
| १२६. | निजी माध्यमिक विद्यालय | १००००। | ५०००। |
| १२७. | निजी आधारभुत विद्यालय | ८०००। | ४०००। |
| १२८. | निजी पूर्वप्राथमिक विद्यालय | ७०००। | ३५००। |
| १२९. | छात्र/छात्रावास | ४०००। | २०००। |
| १३०. | मन्टेश्वरी तथा शिशूस्याहार केन्द्र | ४०००। | २०००। |
| १३१. | कम्प्यूटर / ईलेक्ट्रोनिक तालिम केन्द्र | २०००। | १०००। |
| १३२. | सवारीचालक तालिम केन्द्र | ३०००। | १५००। |
| १३३. | भाषा शिक्षा इन्स्टिच्युट कोचिङ्ग सेन्टर | ३०००। | १५००। |
| १३४. | पेन्टिङ्ग | १०००। | ५००। |
| १३५. | मोवाइल मर्मत पसल | ५००। | २००। |
| १३६. | रेडियो घडी मर्मत पसल | ५००। | २००। |
| १३७. | व्युटी पार्लर सेवा | १०००। | ५००। |
| १३८. | सैलून सेवा | १०००। | ५००। |
| १३९. | ड्राइक्लिनर्स सेवा | ५००। | ३००। |
| १४०. | अन्य आर्ट व्यवसाय | ५००। | २००। |
| १४१. | पशु बधशाला | ३०००। | २०००। |
| १४२. | पशुको छाला संकलन तथा बिक्री केन्द्र | २०००। | १०००। |
| १४३. | प्याकिङ माछा मासु सप्लायर्स | ३०००। | १५००। |
| १४४. | फ्रेस हाउस | २०००। | १०००। |
| १४५. | अण्डा बिक्री पसल | १०००। | ५००। |
| १४६. | भाडा तथा किचन सामाग्री पसल | १०००। | ५००। |
| १४७. | स्पोर्ट्स सामाग्री बिक्री पसल | २०००। | १०००। |
| १४८. | गिफ्ट बिक्री पसल | २०००। | १०००। |
| १४९. | खेलौना पसल | १०००। | ५००। |
| १५०. | फोटो फ्रेम पसल | १०००। | ५००। |

| | | | |
|---|---|---|---|
| **१५१.** | सिलाई मेसिन मर्मत तथा सिलाई पसल | १०००। | ५००। |
| **१५२.** | सिलाई पसल | ५००। | २००। |
| **१५३.** | बुटिक ल्याब्रटोरी | १०००। | ५००। |
| **१५४.** | अन्य साना उद्योग | २०००। | १०००। |
| **१५५.** | डिस्टिव्युटर्स/थोक पसल | ३०००। | १५००। |
| **१५६.** | खुद्रा सामाग्री बिक्री पसल | २०००। | १०००। |
| **१५७.** | सेवा तथा अन्य व्यवसाय | १५००। | १०००। |
| **१५८.** | ट्राभल, टुर्स, ट्रेकिङ एजेन्सी | २०००। | १०००। |
| **१५९.** | स्नुकर पुल हाउस | १५००। | १०००। |
| **१६०.** | ग्यााँस सिलिण्डर विक्री | १५००। | १०००। |
| **१६१.** | रेफ्रिजेरेटर वर्क सप | १५००। | १०००। |
| **१६२.** | होमस्टे दर्ता (गण्डकी प्रदेश सरकारको होमस्टे सञ्चालन कार्यबिधिमा उल्लेख भएअनुसार) | १००००। | ५०००। |
| **१६३.** | कृषक समूह | १०००। | ५००। |
| **१६४.** | डेरी ब्यबसाय थोक बिक्रेता | २०००। | १०००। |
| **१६५.** | डेरी ब्यबसाय उद्योग | ३०००। | १५००। |
| **१६६.** | खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता | १०००। | ५००। |
| **१६७.** | गैह्र सरकारी संस्था दर्ता दस्तुर | ३०००। | १५००। |
| **१६८.** | **पर्ति जग्गामा सञ्चालित व्यवसाय** | | |
| १६७.१ | पर्ति जग्गामा सञ्चालित रिसोर्ट प्रति शाखा | ८००००। | |
| १६७.२ | पर्ति जग्गामा सञ्चालित पार्टी प्यालेस | ५००००। | |
| १६७.३ | पर्ति जग्गामा सञ्चालित पिकनिक स्पोर्ट दर्ता | १००००। | |
| १६७.४ | पर्ति जग्गामा सञ्चालित होटल, लज एण्ड रेष्टुरेन्ट ( क श्रेणी १० कोठा भन्दा बढी भएको ) | ५००००। | |
| १६७.५ | पर्ति जग्गामा सञ्चालित होटल, लज एण्ड रेष्टुरेन्ट ( ख श्रेणी ४ देखि १० कोठा सम्म भएको) | २५०००। | |
| १६७.६ | पर्ति जग्गामा सञ्चालित होटल, लज एण्ड रेष्टुरेन्ट ( ग श्रेणी ४ कोठा सम्म भएको र रेष्टुरेन्ट तथा साना व्यवसाय समेत ) | २००००। | |
| १६७ | **तमसुक प्रमाणित** | | |
| १६७.१ | रु २ लाख सम्म | २००। | |
| १६७.२ | रु ५ लाख सम्म | ५००।- | |
| १६७.३ | रु २० लाख सम्म | १०००।- | |

| | | | |
|---|---|---|---|
| १६७.४ | रु १ करोड सम्म | २०००।- | |
| १६७.५ | रु १ करोड माथि | ५०००।- | |

**अनुसूची ४ (दफा ५ सँग सम्बन्धित)**

| क्र.स. | सामान | दर रु. |
|---|---|---|
| १. | जडीबुटी (सामान्य खालका) प्रति के.जी | ५०। |
| २. | कुटकी | प्रति के.जी. ४०। |
| ३. | कुरीलो | प्रति के.जी. ५। |
| ४. | सेतकचिनी/खिरौले | प्रति के.जी. २५। |
| ५. | जटामसी | प्रति के.जी. ७५। |
| ६. | सक्कली सतुवा | प्रति के.जी. ५०। |
| ७. | नक्कली सतुवा | प्रति के.जी. ४०। |
| ८. | निरगारी/निरविषी | प्रति के.जी. ६०। |
| ९. | पिप्ला पिप्ली | प्रति के.जी. १०। |
| १०. | भतकेश | प्रति के.जी. ५। |
| ११. | वनलसुन | प्रति के.जी. ३०। |
| १२. | विष/विषमा | प्रति के.जी. १०। |
| १३. | दालचिनी (बोक्रा) | प्रति के.जी. १०। |
| १४. | तेजपात(पात) | प्रति के.जी. ३। |
| १५. | पदमचाल | प्रति के.जी. ५। |
| १६. | टिमुर | प्रति के.जी. १०। |
| १७. | लप्सी | प्रति के.जी. ३। |
| १८. | सिल्टीमुर | प्रति के.जी. २। |
| १९. | साधारण च्याउ | प्रति के.जी. १०। |
| २०. | रातो च्याउ | प्रति के.जी. ५०। |
| २१. | चिराइतो | प्रति के.जी. १५। |
| २२. | झ्याउ | प्रति के.जी. ५०। |
| २३. | भिरमह | प्रति के.जी. २०। |
| २४. | अल्लो | प्रति के.जी. ७। |
| २५. | लोक्ता | प्रति के.जी. ५। |
| २६. | निगालो | प्रतिगोटो १। |
| २७. | निगालको टुसा | प्रति ५ गोटा १ । |
| २८. | यार्सागुम्बा | प्रति के.जी. १००००। |
| २९. | हाड सिङ प्रति के.जी | ०.५०। |

| | | |
|---|---|---|
| ३०. | छाला प्रति गोटा | २०। |
| ३१. | हिमाली क्षेत्रमा खर्क उपयोग दस्तुर | ५००। |
| ३२. | गाउँपालिका बाहिर हिमाली क्षेत्रमा खर्क उपयोग दस्तुर | १००००। |
| ३३. | टुसा निकासी कर | कबोल रकमको २० प्रतिशत |

अनुसूची ५ (दफा ६ सँग सम्बन्धित)

| क.स. | विज्ञापन कर | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|
| १. | साईनवोर्ड, ग्लोबोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | १०००। |
| २. | साईनवोर्ड, ग्लोबोर्ड, स्टल आदिमा २५ वर्गफुट सम्म | ५००। |
| ३. | तुल व्यानर एक हप्ताको लागि | १००। |
| ४. | तुल व्यानर एक हप्ता भन्दा बढि | २००। |

अनुसूची ६ (दफा ७ सँग सम्बन्धित)

| क.स. | मनोरञ्जन कर | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|
| १. | जादु,सर्कस र खेलतमासा क्रमशःप्रति दिन | ३००। |
| २. | फिल्म सुटिङ प्रतिदिन | १०००। |
| ३. | क्यानोनिङ प्रतिदिन प्रतिव्यक्ति | १००। |
| ४. | नदिमा राफ्टिङ गर्ने पर्यटकहरुलाई प्रति ब्यक्ती प्रतिपटक | ५०। |
| ५. | हेलिकप्टर सेवा दर्ता | ५०००। |
| ६. | हेलिकप्टर प्रति उडान | ३०००। |
| ७. | आन्तरिक पर्यटन सेवा शुल्क | १००। |
| ८. | बाह्य पर्यटन सेवा शुल्क | २००। |

अनुसूची ७ (दफा ८ सँग सम्बन्धित)

| क.सं. | वहाल विटौरी तथा पटके शुल्क | कर शुल्क/दस्तुर रु. |
|---|---|---|
| १. | फेन्सी/खुद्रा सामान गाडीद्वारा घुमाएर बेच्नेहरुको लागि प्रतिदिन | ५००। |
| २. | खाद्यन्न सामान गाडीद्वारा घुमाएर बेच्नेहरुको लागि प्रतिदिन | ५००। |
| ३. | आलु/तरकारी गाडीद्धारा घुमाएर वेच्नेहरुको लागि प्रतिदिन | ५००। |

| | | |
|---|---|---|
| ४. | पोका/झोलामा सामान राखी मोटर साईकल/मानिस आफैले बेच्ने प्रतिदिन | १००। |
| ५. | रांगा, भैंसी, वंगुर प्रतिगोटा | १००। |
| ६. | खसी, वोका प्रति गोटा | ५। |
| ७. | हाँस, कुखुरा र अन्य पंक्षी प्रति गोटा | ५। |
| ८. | सार्वजनिक जग्गामा सञ्चालित होटल तथा रेष्ट्रेन्ट प्रति वर्गमिटर | १००। |

**अनुसूची ८ (दफा ९ सँग सम्बन्धित)**

| क्र सं | विवरण | | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|---|
| **१** | **सिफारिस** | | |
| १.१ | नाता प्रमाणित | नेपाली | ४००। |
| | | अंग्रेजी | ५००। |
| १.२ | ट्राभल डकुमेन्ट सिफारिस | | ४००। |
| १.३ | जग्गा प्रशासन | नामसारी सिफारिस | ५००। |
| | घर बाटो सिफारिस | मुख्य मार्गको दाँया बाँया | ६००। |
| | | भित्री शाखा बाटो दाँया बाँया | ५००। |
| | | मोटर बाटोमा नपर्ने सबै | ४००। |
| १.४ | चार किल्ला प्रमाणित सिफारिस | | ४००। |
| १.५ | **पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस प्रति चलानी** | | |
| १.५.१ | नेपाली | | ५००। |
| १.५.२ | भारतीय | | १०००। |
| १.५.३ | अन्य | | १५००। |
| १.६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | २००। |
| १.७ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस (युवा क्लव, आमा समुह) | | ५००। |
| १.८ | कृषक समुह दर्ता सिफारिस | | २००। |

| | | | |
|---|---|---|---|
| १.९ | विद्यालय स्तर वृद्धि (स्तर अनुसार) | शिशु विकास केन्द्र | १०००। |
| | | आधारभुत बिद्यालय | ३०००। |
| | | मा.वि | ५०००। |
| | | स्नातक तह र सो भन्दा माथी | १००००। |
| १.१० | रुख कटान सिफारिस | चाप खयर र साल प्रति रुख | ५००। |
| | | अन्य काठजन्य प्रति रुख | ३००। |
| १.११ | चाप खयर र साल निकासी कर | | प्रति क्युबिक फिट ५ |
| १.१२ | अन्य काठजन्य निकासी कर | | प्रति क्युबिक फिट ५ |
| १.१३ | दाउरा जन्य काठ | | प्रतिगाडी ५००। |
| १.१४ | अंग्रेजी रुपान्तरण | | ५००। |
| १.१७ | नाम छुटको सिफारिस | | ४००। |
| १.१८ | सनाखतको सिफारिस | | ४००। |
| १.१९ | जन्म, विवाह, मृत्यु सम्वन्धी सिफारिस | | ५००। |
| १.२० | अविवाहित प्रमाणित | नेपाली | ५००। |
| | | अंग्रेजीमा | ७००। |
| १.२१ | **वसोवास सम्वन्धी सिफारिस** | | |
| १.२१.१ | स्थायी | | ४००। |
| १.२१.२ | अस्थायी (बिदेशी) | | १०००। |
| १.२१.३ | नेपाली (अस्थायी) | | ४००। |
| १.२२ | नाम, थर जन्म मिति संशोधन सिफारिस | | ४००। |
| १.२३ | सर्जमिन मुचुल्का शुल्क | | ३००। |
| १.२४ | **अमिन शुल्क प्रतिदिन** | | |
| १.२४.१ | प्रति कित्ता ०-१ रोपनी सम्म | | २०००। |
| १.२४.२ | १ रोपनी भन्दा माथि प्रति रोपनी थप | | ५००। |
| १.२५ | विद्युत जडान सम्वन्धी सिफारिस | सामान्य | ५००। |
| | | थ्रिफेज | २०००। |

| | | | |
|---|---|---|---|
| १.२६ | टेलिफोन जडान सम्बन्धी सिफारिस | | ५००। |
| १.२७ | नक्सापास | नक्सापास संशोधन | २०००। |
| | | नक्सापास म्याद थप | २०००। |
| | | नक्सापास नामसारी | १०००। |
| १.२५ | चारित्रिक सिफारिस | | ५००। |
| १.२६ | कन्सुलर प्रमाणीत प्रतिपाना | | ५००। |
| १.२७ | विद्युत टेलिफोन खानेपानी सम्बन्धी नामसारी सिफारिस | | ५००। |
| १.२८ | उद्योग दर्ता सिफारिस | ५ लाख भन्दा माथिको | ३०००। |
| | | ५ लाख सम्मको | १०००। |
| १.२९ | व्यवसाय दर्ता सिफारिस | ५ लाख भन्दा माथिको | १०००। |
| | | ५ लाख सम्मको | ५००। |
| १.३० | छात्रबृत्ति सम्बन्धी सिफारिस | | २००। |
| १.३१ | निशुल्क उपचार सिफारिस | | निशुल्क |
| १.३२ | डोजर सञ्चालन अनुमति सिफारिस | व्याकहोलोडर प्रतिदिन | १०००। |
| | | एक्साभेटर/ब्रेकर प्रतिदिन | १५००। |
| १.३३ | उर्जा तथा जलविद्युत कम्पनी सम्बन्धी सिफारिस दस्तुर | | २५०००। |
| १.३४ | केबुलकार सम्बन्धी सिफारिस दस्तुर | | २५०००। |
| १.३५ | ठुलो पर्यटन ब्यबसाय संचालन सम्बन्धी सिफारीस | | १००००। |
| **२** | **सेवा शुल्क** | | **कर/शुल्क/दस्तुर रु.** |
| २.१ | निवेदन फाराम तथा अनुसूची फाराम प्रतिपाना | | १०। |
| २.२ | व्यक्तिगत घटना दर्ता जरिवाना ३५ दिन कटेका | | २००। |

| | | | |
|---|---|---|---|
| २.३ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | | ५००। |
| २.४ | पति पत्नीको सम्वन्ध विच्छेद निवेदन दर्ता दस्तुर | | २००। |
| २.५ | नाबालक परिचय पत्र सिफारिस दस्तुर | | ५००। |
| २.६ | सिफारिस मालपोत | | ३००। |
| २.७ | निवेदन दर्ता शुल्क न्यायिक समिति | | १००। |
| २.८ | भवन निर्माण दरखास्त फारम | | ५००। |
| २.९ | लक्षित बर्ग सिफारिस | | २००। |
| २.१० | परीक्षा दस्तुर | श्रेणी बिहिन | ३००। |
| | | सहायकस्तर चौथो | ५००। |
| | | सहायकस्तर पाचौं | ७००। |
| | | अधिकृतस्तर | १२००। |
| २.११ | निवेदन नक्कल प्रतिपाना | कार्यालयले सार्दा | ५। |
| २.१२ | घर पालुवा कुकुर दर्ता र नविकरण दस्तुर | | ३०। |
| २.१३ | भरुवा बन्दुक नविकरण | जिल्लाभर | १००। |
| | | राज्यभर | २००। |
| २.१४ | घर निर्माण नक्साको नक्कल दस्तुर | एक तला | १५। |
| | | सो भन्दा माथी प्रति तला थप | ५। |
| २.१५ | मिलापत्र दस्तुर | प्रति पक्ष | ३००। |
| २.१६ | सम्पत्ति मूल्याङ्कन सेवा शुल्क | प्रतिहजार | १। |
| २.१७ | अस्थायी क्रसर सञ्चालन अनुमति | | ६००००। |
| २.१८ | अन्य प्रशासनिक सेवा शुल्क | | नियमानुसार |
| २.१९ | बोलपत्र फारम तथा दरभाउ पत्र दस्तुर | | |
| २.२० | निवेदन दस्तुर | | |
| २.२१ | व्यवसायिक प्रमाण पत्र जारी तथा नविकरण शुल्क | | |
| २.२२ | सामान्य सिफारिस दस्तुर | | २००। |

| | | |
|---|---|---|
| २.२३ | सभाहल प्रयोग गरेबापत दस्तुर (बाह्य संस्थालाई) प्रतिदिन | ७००। |
| २.२४ | रसिदको प्रतिलिपि | २०। |
| २.२५ | व्यवसाय दर्ता नामसारी सिफारीस | नबिकरण शुल्क बराबर |
| २.२६ | व्यवसाय दर्ता खारेजी सिफारिस | नबिकरण शुल्क बराबर |
| २.२७ | कृषि तथा पशु व्यवसाय दर्ता सिफारिस | निशुल्क |
| **३** | **आय स्रोत प्रमाणित** | **कर/शुल्क/दस्तुर रु.** |
| ३.१ | रु १० लाख सम्म | १०००। |
| ३.२ | रु २० लाख सम्म | १५००। |
| ३.३ | रु ३० लाख सम्म | २०००। |
| ३.४ | रु ४० लाख सम्म | ३०००। |
| ३.५ | रु ४० लाखभन्दा वढी प्रत्येक १० लाखमा | २०००।का दरले थप |

**अनुसूची ९ (दफा १० सँग सम्बन्धित)**

**घर नक्सा पास दस्तुर**

| क्र.सं. | भौतिक संरचनाको विवरण | | करको दर प्रति व. फि. ने रु मा |
|---|---|---|---|
| | | | नक्सा क्षेत्र |
| १ | आर.सी.सी.फ्रेम स्ट्रकचर | पूर्ण भूमिगत तला | ५। |
| | | अर्ध भूमिगत तला | ६। |
| | | जमिन तला | ८। |
| | | पहिलो तला | १०। |
| | | दोस्रो तला | १२। |
| | | तेस्रो तला | १५। |
| | | चौंथो तला | २०। |
| | | पाचौं तला वा सो भन्दा भन्दा माथी | २५। |
| २ | जोडाईमा ईटा वा ढुङगाको गारो (न्यूनतम २३ से. मी. मोटाई) आर. सी. सी. जस्ता पाता छाना | | ४। |

| | | | |
|---|---|---|---|
| ३ | माटोको जोडाईमा ईटा वा ढुङगाको प्रमाण दिने | एक मुष्ठ रु १०००। | |
| **अनुसूची १० (दफा ११ सँग सम्बन्धित)** | | | |
| **क.सं.** | **निकासी कर** | **कर/शुल्क/दस्तुर रु.** | |
| १. | स्पेशल कटिङ्ग ढुङ्गा प्रति गोटा | १। | |
| २. | लोकल ढुङ्गा प्रति घनमिटर | ५०। | |
| ३. | वालुवा प्रति घनमिटर | ५०। | |
| ४. | गिट्टी/चोकर प्रति घनमिटर | ५०। | |
| **अनुसूची ११ (दफा १२ सँग सम्बन्धित)** | | | |
| **क.सं.** | **घरधूरी कर** | **कर/शुल्क/दस्तुर रु.** | |
| १. | कच्ची घर | १००। | |
| २. | पक्की घर | ३००। | |
| ३. | प्रतितला थप पक्की घर | २०० ले थप | |
| **अनुसूची १२ (दफा १३ सँग सम्बन्धित)** | | | |
| **माछापुच्छ्रे गा.पा. वडा नं १ माछापुच्छ्रे** | | | |
| **क सं** | **जग्गाको नाम** | **ईकाई** | **रकम** |
| क. | लाहाचोक हुँदै माछापुच्छ्रे सडक दाँयाँबायाँको जग्गा साबिक घाचोक गा बि स १-६ | प्रतिरोपनी | ८५००००। |
| ख. | लाहाचोक हुँदै माछापुच्छ्रे शरिपाखा धिप्राङ मिर्सा रुम्जा करुबा जिम्मेवारीसम्मको सडक दायाँबायाँको जग्गा साबिक घाचोक गा बि स ७-९ | प्रतिरोपनी | ७०००००। |
| ग. | साबिक घाचोक गा बि स १-९ अन्य शाखा बाटो | प्रतिरोपनी | ५०००००। |
| घ. | खेत तर्फ साविक घाचोक गा बि स १-९ | प्रतिरोपनी | २०००००। |
| ङ. | पाखो तर्फ साविक घाचोक गा बि स १-९ | प्रतिरोपनी | १०००००। |
| **माछापुच्छ्रे गा.पा. वडा नं २ सार्दिखोला** | | | |
| **क सं** | **साविक सार्दिखोला गा. वि. स.** | **ईकाई** | **रकम** |

| | | | |
|---|---|---|---|
| क. | लामाचौर माछापुच्छ्रे पक्की सडक हेल्थपोस्ट सम्म दायाँबायाँको जग्गा | प्रतिरोपनी | ८५००००। |
| ख. | अन्य सहायक मोटरेवल बाटो दायाँबायाँको जग्गा | प्रतिरोपनी | ६०००००। |
| ग. | खेत तर्फ | प्रतिरोपनी | १८००००। |
| घ. | पाखो तर्फ | प्रतिरोपनी | १०००००। |
| **माछापुच्छ्रे गा.पा. वडा नं ३ घाचोक** | | | |
| **क्र सं** | **साविक घाचोक गा. वि. स.** | **ईकाई** | **रकम** |
| क. | हेम्जा मिलनचोक देखि लाहाचोक घाचोक शुक्ला गण्डकी मा.वि.भुजेल थर हुँदै माछापुच्छ्रे जाने मुलबाटोको दायाँबायाँको जग्गा | प्रतिरोपनी | २००००००। |
| ख. | अन्य सहायक मोटरेवल बाटो दायाँबायाँको जग्गा | प्रतिरोपनी | १५०००००। |
| ग. | खेत तर्फ | प्रतिरोपनी | |
| | अब्बल | प्रतिरोपनी | ५०००००। |
| | दोयम | प्रतिरोपनी | ४०००००। |
| | सिम | प्रतिरोपनी | ३५००००। |
| | चाहार | प्रतिरोपनी | ३०००००। |
| घ. | पाखोतर्फ | प्रतिरोपनी | |
| | अबल | प्रतिरोपनी | ३०००००। |
| | दोयम | प्रतिरोपनी | २५००००। |
| | सिम | प्रतिरोपनी | २०००००। |
| | चाहार | प्रतिरोपनी | १५००००। |
| **माछापुच्छ्रे गा.पा. वडा नं ४ लाहाचोक** | | | |
| **क्र.सं.** | **साविक लाहाचोक गा. वि. स.** | **ईकाई** | **रकम** |
| क. | लाहाचोक हुँदै माछापुच्छ्रे जाने मुल बाटोको दायाँबायाँको जग्गा | प्रतिरोपनी | २००००००। |
| ख. | जोगीचौर वानेटाकुरा दायाँबायाँको जग्गा | प्रतिरोपनी | २००००००। |
| ग. | अन्य सहायक मोटरेवल बाटो दायाँबायाँको जग्गा | प्रतिरोपनी | १५०००००। |

| | | | |
|---|---|---|---|
| घ. | खेत तर्फ | प्रतिरोपनी | १००००००। |
| ङ. | पाखो तर्फ | प्रतिरोपनी | ३०००००। |
| च. | मुल गुरु बाटो समीवगर जाने बाटोको दायाँबायाँको जग्गा | प्रतिरोपनी | २००००००। |

**माछापुच्छ्रे वडा नं ५ रिभान**

| क्र.स. | साविक रिभान गा.वि.स | ईकाई | रकम |
|---|---|---|---|
| क. | लाहाचोक रिभान ग्रामिण सडक दायाँबायाँको जग्गा | प्रतिरोपनी | ५७००००। |
| ख. | अन्य सडक | प्रतिरोपनी | ४६००००। |
| ग. | खेततर्फ | प्रतिरोपनी | |
| | अबल | प्रतिरोपनी | २४००००। |
| | दोयम | प्रतिरोपनी | २०००००। |
| | सिम | प्रतिरोपनी | १८००००। |
| | चाहार | प्रतिरोपनी | १५००००। |
| ङ. | पाखोतर्फ | प्रतिरोपनी | |
| | अबल | प्रतिरोपनी | १३००००। |
| | दोयम | प्रतिरोपनी | १०५०००। |
| | सिम | प्रतिरोपनी | ८५०००। |
| | चाहार | प्रतिरोपनी | ७५०००। |

**माछापुच्छ्रे वडा नं ६ धिताल**

| क्र.स. | साविक धिताल गा.वि.स | ईकाई | रकम |
|---|---|---|---|
| क. | मेलबोट धिताल भिडाबारी सडक दायाँबायाँको जग्गा | प्रतिरोपनी | १०,००,०००। |
| ख. | हेम्जा अस्ताम धम्पुस ग्रामिण सडक दायाँबायाँको जग्गा | प्रतिरोपनी | ८,०००००। |
| ग. | गौरीगाउँ धिताल सडक दायाँबायाँको जग्गा | प्रतिरोपनी | ७,०००००। |
| घ. | अन्य सहायक मोटरबाटो दायाँबायाँको जग्गा | प्रतिरोपनी | ५०००००। |
| ङ. | खेततर्फ | प्रतिरोपनी | २,००,०००। |
| च. | पाखोतर्फ | प्रतिरोपनी | १,५०,०००। |

| माछापुच्छ्रे वडा नं ७ धम्पुस | | | |
|---|---|---|---|
| **क.स.** | **साविक धम्पुस गा.वि.स** | **ईकाई** | **रकम** |
| क. | घट्टेखोला पिपल डाली देउराली मोटरबाटोमा पर्ने सबै जग्गाहरु | प्रतिरोपनी | २०,००,०००। |
| ख. | देउराली लेकुना खानीगाउँ मोटरबाटोमा पर्ने जग्गाहरु | प्रतिरोपनी | १५,००,०००। |
| ग. | आलडाँडा छापा धिताल मोटरबाटोमा पर्ने सबै जग्गाहरु | प्रतिरोपनी | १५,००,०००। |
| घ. | धम्पुस भित्रका अन्य शाखा मोटर बाटोमा पर्ने सबै जग्गाहरु | प्रतिरोपनी | १०,००,०००। |
| ङ. | खेततर्फ | प्रतिरोपनी | |
| | अब्बल | प्रतिरोपनी | ६,००,०००। |
| | दोयम | प्रतिरोपनी | ` |
| | सिम | प्रतिरोपनी | ४,००,०००। |
| | चाहार | प्रतिरोपनी | ३,००,०००। |
| च. | पाखोतर्फ | प्रतिरोपनी | |
| | अब्बल | प्रतिरोपनी | ४,००,०००। |
| | दोयम | प्रतिरोपनी | ३,००,०००। |
| | सिम | प्रतिरोपनी | २,५०,०००। |
| | चाहार | प्रतिरोपनी | २,००,०००। |
| **माछापुच्छ्रे वडा नं ८ ल्वाङघलेल** | | | |
| **क.स.** | **साविक ल्वाङघलेल गा.वि.स** | **ईकाई** | **रकम** |
| क. | धिताल भिडावारी लुम्रे सिदिङ सडक (मनिलाल मार्गको) दायाँबायाँको जग्गा | प्रतिरोपनी | २०,०००००। |
| ख. | अन्य सहायक मोटरबाटो दायाँबायाँको जग्गा | प्रतिरोपनी | ८,०००००। |
| ग. | खेततर्फ | प्रतिरोपनी | ३,००,०००। |
| घ. | पाखोतर्फ | प्रतिरोपनी | १,५०,०००। |
| **माछापुच्छ्रे वडा नं ९ घलेल** | | | |
| **क.स.** | **साविक ल्वाङघलेल गा.वि.स** | **ईकाई** | **रकम** |

| | | | |
|---|---|---|---|
| क. | लुम्रे घलेल कालीमाटि नागि सिदिङ हिले वगर,सोदिखोला दायाँबायाँको जग्गा | प्रतिरोपनी | ८,००००० । |
| ख. | अन्य सहायक बाटो दायाँबायाँको जग्गा | प्रतिरोपनी | ४,००००० । |
| ग. | खेततर्फ | प्रतिरोपनी | २,५०,००० । |
| घ. | पाखोतर्फ | प्रतिरोपनी | १,००,००० । |

**सम्पती करको दरः**

| क्र.स. | कर योग्य सम्पतीको मुल्य रु | बार्षिक कर दर |
|---|---|---|
| १. | पाँच लाख सम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु ५० । |
| २. | पाँच लाख देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख रु.१० । |
| ३ | एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु.२० । |
| ४. | एक करोड एक लाख रुपैयाँ देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु.२५ । |
| ५. | दुई करोड एक लाख रुपैयाँ देखि तीन करोड रुपैयाँसम्म | प्रति लाख रु.३० । |
| ६. | तीन करोड एक लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु.४५ । |
| ७. | पाँच करोड एक लाख रुपैयाँ देखि माथि सम्म | प्रति लाख रु.५० । |

**अनुसूची १३ (दफा १४ को उपदफा १ सँग सम्बन्धित)**

| क्र.स. | प्राकृतिक स्रोत साधन उपयोग कर | | कर/शुल्क/दस्तुर |
|---|---|---|---|
| १. | गिट्टी, बालुवा, ग्राभेल | प्रति घन मिटर | **प्रदेश सरकारको नियम अनुसार** |
| २. | कटिङ ढुङ्गा (घरको भित्तामा टास्ने) | प्रति घन मिटर | |
| | | प्रति घन मिटर | |
| ३. | छपनी सादा ढुङ्गा | प्रति घन मिटर | |
| | | प्रति घन मिटर | |
| ४. | कालो माटो र रातो माटो | प्रति घन मिटर | |
| | | प्रति घन मिटर | |

**अनुसूची १४ (दफा १४ को उपदफा २ सँग सम्बन्धित)**

| १. | प्राकृतिक स्रोत साधनको विवरण | प्राकृतिक श्रोत साधनको दर रेट |
|---|---|---|

| | | |
|---|---|---|
| १.१ | ढुङ्गा गिट्टी बालुवा प्रति घ.मि. | **प्रदेश सरकारको नियम अनुसार** |
| १.२ | ग्रावेल/पुरुवा प्रति घ.मि. | |
| १.३ | माटो प्रति घ.मि. | |
| १.४ | चट्टान स्लेट प्रति घ.मि. | |
| २. | ईजाजत पत्र निवेदन दस्तुर | ५००। |
| ३. | धरौटी रकम | जग्गा धनीले उत्खनन् गर्दा निस्कने कुल खानीजन्य पदार्थ यकिन गरी माथि उल्लेखित दरमा १० प्रतिशतले हुन आउने रकम |

**अनुसूची १५ (दफा १५ सँग सम्बन्धित)**

| **क्र.स.** | **नियम विपरीत नदिजन्य प्राकृतिक श्रोत साधनको चोरी निकासी गरे बापत लाग्ने दण्ड तथा जरिवाना दस्तुर** | | **दस्तुर** |
|---|---|---|---|
| १. | ट्याक्टर /मिनि टिप्पर | प्रथम पटक | १००००। |
| २. | ट्रक/टिप्पर | प्रथम पटक | १२०००। |
| ३. | ब्याक हो लोडर | प्रथम पटक | १००००। |
| ४. | ब्याक हो लोडर | दोस्रो पटक | १२०००। |
| ५. | एक्साभेटर | प्रथम पटक | १५०००। |
| ६. | एक्साभेटर | दोस्रो पटक | २५०००। |
| ७. | सबै किसिमका मालवाहाक साधन | दोस्रो पटक देखि | २००००। सहित सामान जफत |

**अनुसूची १६ (दफा १६ सँग सम्बन्धित)**

**घर नक्शा अभिलेखिकरण दस्तुर**

| **क्र.स.** | **भौतिक संरचनाको विवरण** | | **करको दर प्रति व.फि.ने.रु.मा** |
|---|---|---|---|
| १ | पक्की घर | पूर्ण भूमिगत तला | ६। |
| | | अर्ध भूमिगत तला | ८। |
| | | जमिन तला | १०। |
| | | पहिलो तला | १२। |
| | | दोस्रो तला | १५। |
| | | तेस्रो तला | १८। |
| | | चौथो तला | २५। |

| | | | |
|---|---|---|---|
| | | पाचौं तला वा सो भन्दा माथी | ३०। |
| २ | | जोडाईमा ईट्टा वा ढुङगाको गारो (न्यूनतम २३ सेमी मोटाई ) आर सि सि जस्ता पाता छाना | ५। |

**<u>नोटः</u>**

- **आ.व २०८२/८३ को श्रावण देखि पौष मसान्तभित्र व्यवसाय नविकरण गर्ने करदाताहरुलाई ५ प्रतिशत छुट दिइनेछ ।**

आज्ञाले
(केशव सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत